Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

Photo
फोटो

Branch :........................................ Customer Id:.............................. Date : Y Y Y Y M M D D
शाखा: ग्राहक नं.: मिति:

Account Category:........................................ Account No :
खाताको नाम : खाता नं.

# Personal/Joint Account Opening And Know Your Customer Form
# व्यक्तिगत/संयुक्त खाता खोल्ने तथा ग्राहक पहिचान फाराम

I/ We hereby request you to kindly open my / our account in this bank with following details;
मेरो / हाम्रो निम्नानुसारको विवरण सहित यस बैंकमा खाता खोलिदिनुहुन विनम्र अनुरोध गर्दछु / गर्दछौं ।

Types of Account: ☐ Current ☐ Saving Please Mention Scheme........................Currency: ☐ NPR ☐ Other:..........
खाताको प्रकार ☐ चल्ती ☐ बचत बचत योजना उल्लेख गर्ने........................मुद्रा ☐ ने.रु. ☐ अन्य:..........

## Personal/Joint Account Application -1 (व्यक्तिगत / संयुक्त खाता निवेदन – १)

Mr. श्रीमान् ☐ Mrs. श्रीमती ☐ Ms सुश्री ☐ Minor नाबालक ☐ Dr. डाक्टर ☐ Other (Please specify)----------------------
अन्य (कृपया उल्लेख गर्नुहोस).....................

Name in English (Use uppercase)

नाम थर नेपालीमा..........................................................................................................

Date of Birth (B.S): Y Y Y Y M M D D Date of Birth (A.D.) : Y Y Y Y M M D D
जन्म मिति (वि.सं.) जन्म मिति (ई.सं.)

## Personal/Joint Account Application-2 (व्यक्तिगत / संयुक्त खाता निवेदन – २)

Mr. श्रीमान् ☐ Mrs. श्रीमती ☐ Ms सुश्री ☐ Minor नाबालक ☐ Dr. डाक्टर ☐ Other (Please specify)----------------
अन्य (कृपया उल्लेख गर्नुहोस)..............

Name in English (Use Uppercase):

नाम थर नेपालीमा ..........................................................................................................

Date of Birth (B.S.): Y Y Y Y M M D D Date of Birth (A.D.) : Y Y Y Y M M D D
जन्म मिति (वि.सं.) जन्म मिति (ई.सं.)

Guardian's Name(In case of Minor): ..........................................................................
संरक्षकको नाम (खातावाला नाबालक भए)

Guardian Relationship :..........................................................
नाबालक सँगको नाता

Guardian's Photo
संरक्षकको फोटो

Birth Certificate No : Issue Date : Y Y Y Y M M D D Issue Office
जन्मदर्ता प्रमाणपत्र नं. जारी मिति जारी गर्ने निकाय

| औंठाको छाप (Thumb Print) | |
|---|---|
| दायां (Right) | बायां (Left) |

..........................................................
खातावालाको दस्तखत/Signature

## Know Your Customer (ग्राहक पहिचान विवरण)

Gender : लिङ्ग — Male पुरुष ☐ Female महिला ☐ Other अन्य ☐ Other please mention:-........................ अन्य कृपया उल्लेख गर्नुहोस

Marital Status : वैवाहिक अवस्था — Single अविवाहित ☐ Married विवाहित ☐ Widow विदुर/विधवा ☐ Divorce सम्बन्ध विच्छेद ☐ Other please mention:........................ अन्य कृपया उल्लेख गर्नुहोस

| Address/ठेगाना | Permanent/ स्थायी ठेगाना | Current/ हालको ठेगाना |
|---|---|---|
| Province /प्रदेश | | |
| District/ जिल्ला | | |
| Rural /Municipality/ गाउँपालिका /नगरपालिका | | |
| Ward No/वार्ड नं. | | |
| Tole,Street,Road/गाउँ,टोल,पथ | | |
| House No/ घर नं. | | |
| Country / देश | | |

Contact Address सम्पर्क ठेगाना: Office कार्यालय .................... वुझिने गरी उल्लेख गर्नुहोस Residence : निवास .................... Post Box No: पोष्ट बक्स नं. ..........

E-mail: इमेल ☐ Mobile No : मोबाइल नं. ☐

Landline No: घरको फोन नं. ☐ PAN No : स्थायी लेखा नं. ☐

Citizenship No : नागरिकता नं. ☐ Issue Date : जारी मिति Y Y Y Y M M D D Issue Office: जारी गर्ने निकाय ☐

Voters ID : मतदाता परिचयपत्र नं. ☐ Issue Date : जारी मिति Y Y Y Y M M D D Issue Office: जारी गर्ने निकाय ☐

Driving License No : सवारीचालक नं. ☐ Issue Date : जारी मिति Y Y Y Y M M D D Valid Date : अन्तिम मिति Y Y Y Y M M D D Issue Office: जारी गर्ने निकाय ☐

Passport No : राहादानी नं. ☐ Issue Date : जारी मिति Y Y Y Y M M D D Valid Date : अन्तिम मिति Y Y Y Y M M D D Issue Office: जारी गर्ने निकाय ☐

**Please Mention (कृपया उल्लेख गर्नुहोस)**

Other Legal Identity Type : .................... अन्य आधिकारिक परिचयपत्रको प्रकार Number :.................... प्रमाणपत्र नं. Issue office:.................... जारी गर्ने निकाय

**Education: शिक्षा** ☐ Illiterate निरक्षर ☐ Literate साक्षर ☐ SLC/SEE एस.ई.ई. ☐ 10+2 १० +२ ☐ Diploma स्नातक ☐ Master स्नातकोत्तर ☐ Other:.................... अन्य

**Tenant/ भाडामा बस्ने भएमा**

Name of Owner: घरधनीको नाम ☐ Mobile No: मोबाइल नं. ☐ Land Line No: घरधनीको घरको फोन नं. ☐

Address:.................................................... ठेगाना वुझिने गरी उल्लेख गर्नुहोस

**Occupation/पेशा**

☐ Govt. Service सरकारी सेवा ☐ Public/Private Sector सार्वजनिक/ निजी कोष ☐ NGO/INGO एनजिओ/आइएनजिओ ☐ Expert बिशेषज्ञ ☐ Student विद्यार्थी ☐ Business व्यापारी ☐ Agriculture कृषि

☐ Retired सेवा निवृत्त ☐ House Wife गृहणी ☐ Minor नावालक ☐ Senior Citizen जेष्ठ नागरिक Other:.................... अन्य उल्लेख गर्नुहोस

**Self Employee/स्वरोजगार**

☐ Doctor चिकित्सक ☐ Engineer अभियानता ☐ CA/Auditor लेखा परिक्षक ☐ Teaching अध्यापन ☐ Business व्यवसाय ☐ Agriculture कृषि Other:.................... अन्य उल्लेख गर्नुहोस

....................................................
खातावालाको दस्तखत/Signature

## Family Details (परिवारका सदस्यहरुको विवरण )

| S.N. क्र.सं. | Relationship नाता | Full Name* पूरा नाम थर | Type of Document परिचयपत्रको प्रकार | Document Number प्रमाणपत्र नं. | Issue District जारी गर्ने निकाय/जिल्ला | Issue Date जारी मिति YYYY-MM-DD | Valid Date अन्तिम मिति YYYY-MM-DD |
|---|---|---|---|---|---|---|---|
| १ | Father*/ बुवा | | | | | | |
| २ | Mother*/ आमा | | | | | | |
| ३ | Grand Father*/ बाजे | | | | | | |
| ४ | Spouse/ पति,पत्नी | | | | | | |
| ५ | Son /छोरा | | | | | | |
| ६ | Son/ छोरा | | | | | | |
| ७ | Daughter/ छोरी | | | | | | |
| ८ | Daughter / छोरी | | | | | | |
| ९ | Daughter in Law/ बुहारी | | | | | | |
| १० | Father In Law/ ससुरा | | | | | | |
| ११ | Mother in Law / सासू | | | | | | |

**Note:** If Document Type is seleceted then Document No Should be Compulsory ( यदी परिचय पत्रको प्रकार छनोट गरेमा प्रमाण पत्र नं. अनिवार्य राख्नु पर्ने छ )

## Associated Profession/Business and Estimated Annual Income (संलग्न रहेको पेशा व्यवसाय र अनुमानित बार्षिक आम्दानी )

ग्राहक नावालक,विद्यार्थी,गृहणी भएमा एकाघर परिवारको पेशा तथा आम्दानी उल्लेख गर्नुहोस ।

☐ Upt to 1 Lakh रु.१ लाख सम्म ☐ Upto to 5 Lakh रु.५ लाख सम्म ☐ Upto 10 Lakh रु.१० लाख सम्म ☐ Upto 25 Lakh रु. २५ लाख सम्म ☐ Above 25 Lakh रु.२५ लाखभन्दा माथि

| S.n क्र.सं. | Name of Income holder Family Member आम्दानी गर्ने पारिवारिक सदस्यको नाम | Name of Organization कार्यरत संस्थाको नाम | Address ठेगाना | Designation पद | Estimate Annual Income अनुमानित बार्षिक आम्दानी | Phone No पारिवारीक सदस्यको फोन |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

## Income Source Details (आम्दानीको श्रोत विवरण)

Salary तलब ☐ Business व्यापार ☐ Rental Income भाडा आम्दानी ☐ Commission कमिशन ☐ Return on Investment लगानीमा प्रतिफल ☐

Disposal of Assets सम्पत्ति बेचबिखन ____________ Others(Please specify) अन्य उल्लेख गर्नुहोस ____________

## Estimated Annual Transaction (अनुमानित बार्षिक कारोबार)

☐ Upt to 1 Lakh रु.१ लाख सम्म ☐ Upto to 5 Lakh रु.५ लाख सम्म ☐ Upto 10 Lakh रु.१० लाख सम्म ☐ Upto 25 Lakh रु. २५ लाख सम्म ☐ Upto 50 Lakh रु.५० लाख सम्म ☐ Above 50 Lakh रु.५० लाख माथि

## Estimated Annual Transaction No (अनुमानित बार्षिक कारोबार संख्या)

Upt to 25 Transaction २५ वटा सम्म ☐ Upt to 50 Transaction ५० वटा सम्म ☐ Upt to 100 Transaction १०० वटा सम्म ☐ Above 100 Transaction १०० भन्दा माथि

## Purpose of Account (खाताको उद्देश्य)

Saving बचत ☐ Salary तलब ☐ TR Payment कारोबार भुक्तानी ☐ Remittance विप्रेषण ☐ Loan Payment कर्जा भुक्तानी ☐ Others............................................ अन्य उल्लेख गर्नुहोस..................

## Foreign Citizen Only (विदेशी नागरिकको हकमा)

Passport No : ____________ Issuing Country : ____________

Issued Date AD: ☐☐☐☐☐☐☐☐ Visa Expiry Date AD: ☐☐☐☐☐☐☐☐

..........................................................................

खातावालाको दस्तखत/Signature

## Non Residence Nepalese Only ( गैह आवासिय नेपालीको हकमा)

NRN Code : ____ City : ____ State ____ Country ____

Email : ____

Contact Person In Nepal ____ Name ____ Mobile/Phone ____

## Other Service and Facilities Please tick as per requirement (अन्य सेवा तथा सुविधाहरु आवश्यकता अनुसार छनौट गर्नुहोस)

☐ SMS Alert एसएमएस अर्लट
☐ Mobile Banking मोबाइल बैकिंग
☐ Internet Banking इन्टरनेट बैंकिग
☐ DMAT A/C डिम्याट खाता
☐ Debit Card डेबिट कार्ड
☐ Instant Prepaid Card इन्स्टान्ट प्रिपेड कार्ड
☐ QR Payment क्यू.आर.पेमेण्ट
☐ Connect IPS कनेन्ट आइपिएस
☐ Locker लकर

Locker Size :............................................ लकरको आकार

Other : ........................................ अन्य उल्लेख गर्ने

Please mention additional condition if any: ....................................................................................................
थप निर्देशन भए उल्लेख गर्नुहोस:

Account Statement खाताको विवरण प्राप्तगर्ने ☐ Monthly मासिक ☐ Quarterly त्रैमासिक ☐ Half Yearly अर्धबार्षिक ☐ Yearly बार्षिक

Is the Beneficial owner of this account a different person?
यस खाताका वास्तविक धनी हिताधिकारी फरक व्यक्ति हुन ? ☐ Yes हो ☐ No होइन

If yes, name of beneficial owner :------------------------------------------------------------------------------ Relation : -----------------------
यदि हो भने,हिताधिकारीको नाम : नाता

Are you a politician/PEP or associate of Politician /PEP?
के तपाई राजनैतिक उच्चपदस्थ व्यक्ति सँग सम्बन्धित हुनुहुन्छ ? ☐ Yes हो ☐ No होइन

If Yes, Name of Political Party :----------------------------------- Present Designation:-------------------------- Related Date:-------------------
यदि हो भने, राजनैतिक दलको नाम वर्तमान पद लागेको मिति

Do you or any related parties maintain any accounts in this bank ?
के तपाई तथा तपाईको परिवार वा संलग्न रहेको व्यवसायको यस बैंकमा खाता छ ? ☐ Yes छ ☐ No छैन

If Yes, Name of Account Holder:..................................................................................... Account No:..................................................................................
यदि छ भने खातावालाको नाम खाता नं.

Do you have account with another bank ?
के तपाईको अन्य बैंकमा खाता छ ? ☐ Yes छ ☐ No छैन

If Yes, Name of Bank:.................................................................................................. Account No:..................................................................................
यदि छ भने बैंकको नाम खाता नं.

Can You Write and Read Yourself ?
तपाई आँफै लेख्न पढन सक्नु हुन्छ ? ☐ Yes सक्छु ☐ No सक्दिन

If No, Mention Detail of form filler ..............................................................................................................
यदी सक्नु हुन्न भने विवरण लेखिदिने व्यक्तिको नाम (बैंकक सँग सम्बन्धित व्यक्ति भए पद समेत उल्लेख गरी दस्तखत गर्नुहोस) ..................................................

Do you have vision difficulty?
तपाईलाई देख्न समस्या छ ? ☐ Yes छ ☐ No छैन

If Yes, Mention Detail of form filler.......................................................................................................................
यदी छ भने विवरण लेखिदिने व्यक्तिको नाम (बैंकक सँग सम्बन्धित व्यक्ति भए पद समेत उल्लेख गरी दस्तखत गर्नुहोस) ..................................................

## Address Verifying additional Documents (ठेगाना सम्पुष्टि गर्ने थप कागज पत्र)

☐ Electricity Bill बिद्युत बिल
☐ Telephone Bill टेलिफोन बिल
☐ Water Supply Bill खानेपानी बिल
☐ Voter Id मतदाता परिचय पत्र
☐ PAN Card स्थायी लेखा नं.
☐ Passport राहादानी
☐ Others specify :------------------------------------- अन्य खुलाउनुहोस

| औंठाको छाप (Thumb Print) | |
|---|---|
| दायाँ (Right) | बायाँ (Left) |
| | |

.......................................................

खातावालाको दस्तखत/Signature

## Nominee Details of Account/ इच्छाएको व्यक्तिको विवरण

**मेरो शेष पछि मेरो खातामा रहेको रकमको भूक्तानी लिन मैले उल्लेखित व्यक्तिलाई इच्छाएको व्यक्ति नियुक्त गरेको छु।**

In the event of my death or incapacity, the following named nominee shall be entitled to receive balance sum of monies held with this account at Agricultural Development Bank Ltd.

**इच्छाएको व्यक्ति** (Nominee Name):----------------------------------------

**प्रमाणपत्रको प्रकार** (Type of Document): ------------------------**प्रमाणपत्रको नं.** (Document Ref.No):-----------------------

**नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र नं.** (Birth Registration Certificate No.) :----------------------------------------

**जारी मिति** (Issued Date):- YYYY-MM-DD ----------------------------**जारी गर्ने संस्था/निकाय** (Issued by):---------------------

**इच्छाएको व्यक्तिसंगको नाता** (Relationship with Nominee) :----------------------------------------

**इच्छाएको व्यक्तिको पिताको नाम** (Nominee's Father's Name) :----------------------------------------

**सम्पर्क ठेगाना** (Contact Address) :----------------------------------------

**फोन**(Phone):---------------------**मोवाइल**(Mobie):-------------------- **इमेल** (Email):----------------------------------------

Photo of Nominee

**इच्छाएको व्यक्तिको फोटो**

---

**( इच्छाएको व्यक्ति थप गर्नु पर्ने भए कृपया थप पानाको प्रयोग गर्नुहोस )**

**इच्छाएको व्यक्ति नावालक छँदै मेरो मृत्यु भएमा मैले उल्लेखित व्यक्तिलाई इच्छाएको व्यक्तिको तर्फबाट भुक्तानी लिन नियुक्त गरेको छु।**

(In the event of my death, if the above nominee(s) is a minor, I appoint the following person to receive monies due to me.)

**नाम, थर** (Name):----------------------------------------

**प्रमाणपत्रको प्रकार**(Type of Document):------------------ **प्रमाणपत्रको नं.** (Document Ref.No):---------------------------------

**जारी मिति** (Issued Date):-YYYY-MM-DD---------------------------------- **म संगको नाता** (Relationship with me):-------------------

**ठेगाना** (Address):----------------------------------------

**फोन**(Phone):---------------------**मोवाइल**(Mobie):-------------------- **इमेल** (Email):----------------------------------------

Photo of Nominee

**इच्छाएको व्यक्तिको फोटो**

---

### खाता परिचय गराउने (Introduced by)

**दस्तखत** (Signature):--------------------------------------

**नाम** (Name):----------------------------------------

**खाता नं.**(Account No):----------------------------------------

**खाताको प्रकार** (Account Type):----------------------------------------

**ठेगाना**(Address):----------------------------------------

---

| औंठाको छाप (Thumb Print) | |
|---|---|
| दाया (Right) | वाया (Left) |
| | |

.......................................................

खातावालाको दस्तखत/Signature

# Signature Specimen ( दस्तखत नमुना )

## Please sign with black Ink (कृपया कालो मसीले दस्तखत गर्नु होला )

खाता नं.(Account No) :-------------------------------------------------------------

खाता संचालन (Account Operation): ☐ Single एकल ☐ Joint संयुक्त ☐ Anyone कुनै एक ☐ Any Two कुनै दुई ☐ Other Specify:---------------- अन्य उल्लेख गर्ने

| १.नाम तथा ग्राहक नं. (1.Name and Customer ID): | | औंठाको छाप (Thumb Print) | |
|---|---|---|---|
| दस्तखत (Signature): | फोटो Photo | दायाँ (Right) | बायाँ (Left) |
| दस्तखत (Signature): | | | |
| २.नाम तथा ग्राहक नं. (1.Name and Customer ID): | | औंठाको छाप (Thumb Print) | |
| दस्तखत (Signature): | फोटो Photo | दायाँ (Right) | बायाँ (Left) |
| दस्तखत (Signature): | | | |
| ३.नाम तथा ग्राहक नं. (1.Name and Customer ID): | | औंठाको छाप (Thumb Print) | |
| दस्तखत (Signature): | फोटो Photo | दायाँ (Right) | बायाँ (Left) |
| दस्तखत (Signature): | | | |
| ४.नाम तथा ग्राहक नं. (1.Name and Customer ID): | | औंठाको छाप (Thumb Print) | |
| दस्तखत (Signature): | फोटो Photo | दायाँ (Right) | बायाँ (Left) |
| दस्तखत (Signature): | | | |

(उल्लेखीत संख्या भन्दा वढी भए कृपया अर्को पाना प्रयोग गर्नुहोस)

1. Account Operation Method (Please mention if operated by power of authority)

१. खाता संचालन तरिका : (अख्तियारनामाबाट संचालन गर्नु पर्ने भएमा उल्लेख गर्नुहोस )

2. Signatory Notification

२.कारोवार संचालन दस्तखत सम्बन्धी विशेष निर्देशन :............................................................

-----------------------------------

रुजु गर्ने Signature Checked by

-----------------------------------

प्रमाणित गर्ने Signature Approved by

बैंकको छाप Bank's Stamp

## Location Map ( घर सम्म पुग्ने नक्शा )

N ↑

एक भन्दा बढी आवेदक भएमा छुट्टै ग्राहक पहिचान फारम भर्नुहोला । In case of more than one applicant, please fill separate KYC Form.

| औंठाको छाप (Thumb Print) | |
|---|---|
| दाया (Right) | बाया (Left) |
| | |

........................................................

खातावालको दस्तखत/Signature

## For Bank's Use Only ( बैंक प्रयोजनको लागि मात्र )

Interviewer Name :.............................................................................................................. Job Title :..............................................................................................................

Customer ID :------------------------

Account No :

| Industry | Sector | Target | Status | Risk Category | | Date |
|---|---|---|---|---|---|---|
| | | | | | High | |
| | | | | | Medium | |
| | | | | | Low | |

| Prepared By, | Checked By, | Reviewed By, | Approved By, |
|---|---|---|---|
| Sign :........................... | Sign :........................... | Sign :........................... | Sign :........................... |
| Job Title:...................... | Job Title:...................... | Job Title:...................... | Job Title:...................... |
| Code No :........................ | Code No :........................ | Code No :........................ | Code No :........................ |
| Date :............................ | Date:........................... | Date:............................. | Date:............................. |

# Terms and Conditions(शर्त तथा बन्देजहरु)

**खाता सञ्चालन सम्बन्धी सामान्य नियम तथा बन्देजहरू**

श्री कृषि विकास बैंक लिमिटेड
महोदय,

मेरो/हाम्रो नाममा श्री कृषि विकास बैंक लिमिटेड (यसपछि 'बैंक' भनी सम्बोधन गरिएको) मा चल्ती/बचत/कल/मुद्दती निक्षेप वा अन्य खाता (यसपछि 'खाता' भनी सम्बोधन गरिएको) खोल्न/सञ्चालन गर्न वा मलाई/हामीलाई अन्य बैंकिङ्ग सुविधा उपलब्ध गराउन अनुरोध गर्दछु/गर्दछौं । म/हामी निम्न उल्लेखित शर्त बन्देजहरू (यसपछि 'शर्त' भनी सम्बोधन गरिएको) पालना गर्न र सोको अधीनमा रही खाता सञ्चालन गर्न मञ्जुर छु/छौं । नेपाली वा विदेशी मुद्रामा म/हामीबाट बैंकमा राखिएका बचत, कल, चल्ती, वा मुद्दती वा अन्य कुनै खातामा राखिएको निक्षेप होस्, त्यो समय समयमा लागू हुने प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले तोकेको नियम भित्र रही सञ्चालन हुनेछन् भन्ने कुरामा मेरो/हाम्रो पूर्ण मञ्जुरी छ । बैंक, यसको उत्तराधिकारी वा यसले तोकेको कुनै निकायमा यसपछि खोलिने, सञ्चालन गरिने वा नियमित गरिने जस्तो सुकै प्रकृतिको खाताका लागि यी शर्तहरू पनि लागू हुने कुरामा म/ हामी पूर्णरूमा जानकार छु/छौं ।

(एक जनाभन्दा बढी व्यक्तिको नाममा खाता खोलिएको रहेछ भने ग्राहक/खातावालाले हामी र हाम्रो भन्ने जनाउँछ । यी शर्त बन्देजहरू खातामा नाम उल्लेख भएका हरेक व्यक्तिहरू (यसपछि सेवाग्राही भनी सम्बोधन गरिएको)का लागि व्यक्तिगतरूपमा वा एक वा बढी वा सबै जनालाई सामूहिकरूपमा लागू हुनेछन् ।)

**क) बैंक खाता सम्वन्धि शर्तबन्देजहरू**

१. देहायका विषयहरूमा म बैंकलाई अख्तियारी प्रदान गर्दछु ।

१.१ खाता खोल्ने सम्बन्धी आवेदनले निर्दिष्ट गरिए अनुरूपको खाता सञ्चालन सम्बन्धी निर्देशनमा उल्लेख भए बमोजिमको निर्देशन वा हस्ताक्षरित लिखत बैंकलाई प्राप्त भए पश्चात सो सम्बन्धमा मैले अन्यथा उल्लेख गरी अर्को लिखित सूचना उपलब्ध नगराए सम्म सोही बमोजिम आवश्यक कारबाही गर्न ।

१.२ मैले जारी गरेको चेक, विनिमयपत्र, प्रतिज्ञापत्र, स्थायी भुक्तानी वा अन्य आदेश बमोजिम रकम भुक्तानी गर्न तथा सोभै खाता डेबिट गर्ने, ड्राफ्ट, मेल तथा टेलिग्राफको माध्यमबाट रकमान्तर गर्ने, विदेशी मुद्रा खरिद विक्री गर्ने लगायत खाता सम्बन्धी अन्य कुनै पनि आदेश वा निर्देशन स्वीकार गर्ने ।

२. खातामा जम्मा हुने सम्पूर्ण रकम कानूनी स्रोतबाट कमाइएको र खातामा हुने कारोबार कानूनी हुनु पर्नेछ । खाता सम्पत्ति शुद्धिकरणका लागि प्रयोग हुने छैन । बैंकलाई दिइएको खाता/कारोबार सम्बन्धी कुनै जानकारी गलत भएको बैंकलाई शंका लागेमा बैंकले खाता रोक्का राखी खाता सम्बन्धी जानकारी सम्बन्धित निकाय/अधिकारीलाई बुझाउन सक्नेछ । यस्तो अवस्थामा बैंकले कुनै क्षति वहन गर्नु पर्ने भएमा सोको क्षतिपूर्ति सेवाग्राहीले व्यहोर्नु पर्नेछ ।

३. खातामा जम्मा हुने रकम/चेकको आदेशमा कुनै द्विविधा भएमा बैंकले खातामा जम्मा गर्न अस्वीकार गर्नसक्ने छ । यस्तो कारोबारबाट बैंकलाई हुने हानिको क्षतिपूर्ति सेवाग्राहीले बैंकलाई वुझाउनु पर्नेछ ।

४. चेकबुकसँग जारी गरिएको शर्त वन्देजहरु पढी वुझि जानकारी लिनु पर्नेछ । निर्धारित समय सम्ममा सो चेकबुक संकलन नगरेको खण्डमा बैंकले सो रद्द गर्न सक्नेछ र सो बापत लाग्ने शुल्क सेवाग्राही ले बेहोर्नुपर्नेछ । बैंकले जारी गरेको चेकलाई हर समय सुरक्षित तवरले राख्ने मेरो जिम्मेवारी हुनेछ र कथमकदाचित उक्त चेक बुक वा सो मा भएको कुनै पनि चेक हराएमा वा चोरी भएमा तत्काल बैंकलाई सूचित गर्नेछु । मैले सम्बन्धित चेक हराएको अवस्थामा वा कानूनले अनुमति दिएको वा बैंकले मञ्जुर गरेको अन्य कुनै परिस्थितिमा खाताबाट रकम भुक्तानी रोक्का गर्न बैंकलाई लिखित वा मौखिक अनुरोध गरेमा बैंकले आफ्नो पूर्ण स्वविवेक प्रयोग गरी त्यस्तो अनुरोध स्वीकार गर्न सक्नेछ । मैले वा मेरो तर्फबाट अन्य कुनै व्यक्तिले अनुरोध गरेका कारण बैंकले स्वीकार गरेको सिलसिलामा बैंकले कुनै, नोक्सानी हानि वा खर्च (कानूनी खर्चसमेत) व्यहोर्नुपरेमा बैंकलाई सोको हर्जना तिर्न बुझाउन सेवाग्राही प्रतिवद्ध हुनेछ । रकम भुक्तानी गर्दाका बखत सूचना प्राप्त भइसकेका अवस्थामा बाहेक हराएको वा चोरी भएको चेकको रकम भुक्तानी हुन गएका कारण सृजित कुनै पनि हानि, नोक्सानीका लागि बैंक जिम्मेवार हुने छैन ।

५. तेस्रो पक्ष मार्फत चेकबुक लिन पठाउँदा सो बुझिलिने तेस्रो पक्षको परिचय खुल्ने र खातावालाले दिएको अख्तियारीसमेत संलग्न गरेर मात्र पठाइनेछ ।

६. चेकबुकको अघिल्लो तथा कभर पृष्ठको भित्रपट्टि दिइएका चेक जारी गर्ने तथा सो सम्बन्धी को सुरक्षा तथा अन्य शर्त बन्देजहरू मलाई लागु हुनेछ र मलाई तिनको मतलब र परिणाम समेतको पूर्णज्ञान छ ।

७. सेवाग्राही ले लिखितरूपमा अन्यथा निर्देश गरेको अवस्थामा बाहेक सेवाग्राहीको नाममा बैंकले प्राप्त गरेको कुनै पनि रकम सम्बन्धित खातामा जम्मा हुनेछ भन्ने सम्बन्धमा सेवाग्राही जानकार हुनुपर्नेछ ।

८. रकम संकलनका लागि बैंक समक्ष जम्मा गरिएको कुनै पनि विनिमय साधनका सम्बन्धमा बैंकले केवल सेवाग्राही को संकलन प्रतिनिधिको रूपमा मात्र कार्य गर्नेछ र सोको रकम असुलीका सम्बन्धमा बैंकले कुनै पनि जिम्मेवारी वहन गर्ने छैन । बैंक समक्ष जम्मा गरिएको चेक वा अन्य अधिकारपत्र को रकम बैंकले संकलन गरी सेवाग्राहीको खातामा जम्मा नगरेसम्म झिक्न सकिने छैन । रकम संकलन हुन नसकेको कुनै अधिकारपत्र बापत भूलवश वा अपवादकोरूपमा रकम जम्मा हुन गएमा कुनै पनि समयमा खाता डेबिट गरी असुलउपर गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ । तेस्रो पक्षका नाममा खिचिएको वा भुक्तानी प्राप्त कर्ताको नाम बैंकको अभिलेखमा उल्लेख भए बमोजिमको सेवाग्राहीको नामसँग मेल नखाने किसिमको चेक संकलन गर्नमा बैंकले इन्कारी जनाउन सक्नेछ । बैंकले तेस्रो पक्षका नाममा जारी भएका रेखाङकृत वा एकाउन्टपेयी वा सो जानिने त्यस्तै अन्य वाक्यांश उल्लेख भएका कुनै पनि चेक वा ड्राफ्ट खातामा जम्मा गर्न अस्विकार गर्न सक्नेछ । बैंकले विनिमय ९ल्भनयतष्वतभ) संकलन गरेको कुनै पनि अधिकारपत्रको रकम असुली भई नआएको खण्डमा कुनै पनि समयमा सेवाग्राही को खाता डेबिट गरी त्यस्तो अधिकारपत्रको मूल्य बैंकले असुल उपर गर्न सक्नेछ । रकम असुल भई आए पश्चात् त्यस्तो अधिकारपत्र जुन बैंक समक्ष खिचिएको हो वा बैंकको करेस्पोण्डेण्ट बैंकबाट अधिकारपत्र फिर्ता भए पश्चात खाता डेबिट गरिनेछ वा बैंकबाट सो बापतको रकम असुल उपर गरिनेछ ।

९. बैंकले अन्य सेवाग्राही लाई उपलब्ध गराउने अधिविकर्षण वा अन्य वित्तीय सुविधा मलाई समेत उपलब्ध गराउने वा नगराउने भन्ने सम्बन्धमा निर्णय गर्न एकल स्वविवेकीय अधिकार बैंकलाई हुनेछ भन्ने कुरालाई म स्वीकार गर्दै एकपटक प्रदान गरिसकेको त्यस्तो सुविधालाई कुनै पनि बखत दिने निरन्तरता वा फिर्ता गर्ने भन्ने सम्बन्धमा स्वविवेक प्रयोग गर्ने अधिकार समेत बैंकमा निहित हुनेछ । कुनै पनि खाता सञ्चालनको क्रममा सृजना हुने ओभरड्राफ्ट (अधिविकर्षण) वा अन्य सुविधा बापतको कुनै पनि दायित्वका लागि सेवाग्राही जिम्मेवार हुनुपर्नेछ र त्यस्तो दायित्व एवम् सो दायित्व अनुसारको कमिशन, अन्य बैंक दर सेवाग्राहीको कुनै पनि खाता डेबिट गरी असुलउपर गर्न सेवाग्राहीले बैंकलाई अख्तियारी प्रदान गर्दछ ।

१०.बैंकले उपलब्ध गराएको अधिविकर्षण वा सो सँग सम्बन्धित अन्य कुनै बैंकिङ सुविधाका सम्बन्धमा मेरो खातामा जम्मा गरिदिएको कुनै वा सबै रकमका हकमा, बैंकले सबैभन्दा पहिले त्यस्तो जम्मा भएको रकमबाट अधिविकर्षण वा अन्य बैंकिङ सुविधाका सम्बन्धमा बैंकलाई तिर्नु बुझाउनुपर्ने अन्य रकम पूर्णरूपमा चुक्ता नभएसम्म सो असुल उपर गर्नेछ । तत्पश्चात् मात्र खातामा जम्मा भएको त्यस्तो रकमबाट बैंकले उक्त अधिविकर्षण वा अन्य बैकिङ सुविधा बापतको सावाँ रकम असुल उपर गर्ने वारे सेवाग्राही मञ्जुर गर्दछ ।

११.बैंकले समय समयमा निर्धारण गर्ने आफ्नो शुल्क तालिकामा उल्लेख भए बमोजिम खाताका सम्बन्धमा तोकिएको शुल्क लाग्ने छ । सूचना दिई वा नदिई कुनै पनि चार्ज, शुल्क, कमिशन, हर्जना, स्रोतमा करकट्टी, सरकारी विभाग वा निकायहरूको दै दस्तुर वा खाता वा सो खातामा जम्मा भएको रकमका सम्बन्धमा लागू हुने अन्य कुनै पनि किसिमको कर, दायित्व, दै दस्तुर इत्यादि सेवाग्राही को खाता डेबिट गरी असुल उपर गर्ने अधिकार बैंकमा सदैव रहनेछ ।

१२.बैंकलाई खातामा भुलवश प्रविष्ट हुन गएको हिसाब सच्याई पुनः सही हिसाब (प्रविष्ट रिभर्स इन्ट्री) गर्ने अधिकार हुनेछ । त्यसै गरी, बैंकलाई खाताका सम्बन्धमा गरिएको गलत डेबिट इन्ट्री सच्याउन समेत सेवाग्राही बैंकलाई अख्तियारी प्रदान गर्दछ, कथंकदाचित गलत प्रविष्ट हुन गएको रकम सेवाग्राही बाट निकालिएको खण्डमा सोको व्याजसमेतको सोधभर्ना बैंकले असुल उपर गर्न सक्नेछ ।

१३.सुरक्षा, संकलन वा अन्य कुनै पनि प्रयोजनका लागि सेवाग्राही को तर्फबाट बैंक समक्ष जम्मा गरिएको वा बैंकले सेवाग्राही बाट प्राप्त गरेको कुनै पनि सुरक्षण वा सम्पत्ति ग्रहण गर्न तथा सेवाग्राही ले लिखितरूपमा निर्देश गरे बमोजिम त्यस्तो कुनै सुरक्षण वा सम्पत्ति फुकुवा वा हस्तान्तरण गर्न वा परित्याग गर्न सेवाग्राही बैंकलाई अख्तियारी प्रदान गर्दछ ।

१४.निक्षेप तथा सोको भुक्तानी सम्बन्धमा नेपालको प्रचलित कानून तथा नियमनकारी निकायको निर्देशन लागू हुनेछ । साधारणतया बैंकको जुन शाखामा निक्षेप जम्मा गरिएको हो, सोही शाखाबाट सो को भुक्तानी हुनेछ । बैंकलाई मान्य हुने परिचय सम्बन्धी कागज प्रमाण पेश गर्न लगाई त्यस्ता रकम जम्मा गर्न रकम झिक्ने सुविधाका लागि बैंकले समय समयमा निर्धारण गरेको शुल्क लिई नेपालमा रहेका अन्य शाखाहरूबाट पनि रकम जम्मा गर्न वा झिक्न दिने वा नदिने भन्ने सम्बन्धमा स्वविवेक प्रयोग गर्ने अधिकार बैंकलाई हुनेछ ।

१५.कुनै पनि खातामा प्रदान गर्ने व्याजदर बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र यस्तो व्याजदर सेवाग्राहीलाई विभिन्न माध्यमबाट सूचना दिई परिवर्तन गर्न सक्नेछ । व्याज गणना/भुक्तानी गर्ने आधार बैंकले कुनै पनि समय सेवाग्राही लाई सूचना दिइ वा नदिई परिवर्तन गर्न सक्नेछ ।

१६.अन्यथा उल्लेख भएको अवस्थामा बाहेक, विदेशी विनिमय वा नेपाली रुपैयाँको आवधिक निक्षेपको भाखा समाप्ति पछि तत्काल पाकेको व्याज सहितको रकम प्रचलित व्याजदरमा थप त्यतिनै अवधिका लागि बैंकले स्वतः नवीकरण गर्न सक्ने कुरामा सेवाग्राही मञ्जुर गर्दछ । आवधिक निक्षेपको निर्धारित अवधि पूरा हुनु अगावै त्यसमा रहेको रकम नझिक्ने या नदिने भन्ने सम्बन्धमा बैंकले आफ्नो स्वविवेक प्रयोग गर्न सक्नेछ र अवधि पूरा हुनु अगावै रकम झिक्दा वा फिर्तालादा बैंकले निर्धारण गरेको चार्जेज/शुल्क असुल गरी बैंकले हर्जना लगाउन सक्नेछ ।

१७.विदेशी विनिमयमा खोलिएको खातामा जोखिम निहित रहेको कुरा सेवाग्राही स्वीकार गर्दछ । त्यस्तो विदेशी विनिमय खाताबाट रकम झिक्नुपर्दा वा जम्मा गर्नुपर्दा त्यस वखत सम्बन्धित विदेशी नोटको उपलब्धता तथा नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारको प्रचलित नियम कानूनको अधीनमा रहेर मात्र झिक्ने वा जम्मा गर्ने सुविधा प्राप्त हुने कुरामा सेवाग्राही मञ्जुरी गर्दछ ।

१८.मुद्राको परिवर्तनीयता वा हस्तान्तरणीयता वा रकम भुक्तानीमा बन्देज, माग, अनिश्चितता, युद्धकाल, नागरिक विद्रोह वा बैंकको काबु भन्दा बाहिरका अन्य परिस्थितिका कारण खातामा जम्मा भएको रकम उपलब्ध हुन नसकेमा बैंक जवाफदेही नहुने कुरा सेवाग्राही स्विकार गर्दछ । नेपाल सरकार, नेपाल राष्ट्र बैंक वा अन्य कुनै अधिकारप्राप्त अधिकारी वा निकायले लगाएको बन्देजका कारण बैंकले खातासँग सम्बन्धित मुद्रामा वा अन्य कुनै पनि मुद्रामा रकम भुक्तानी दिन नसकेमा वा त्यस्तो रकम जुन मुद्रामा रकमान्तर गर्नु पर्ने मुद्रामा हो वा सोही अन्य कुनै मुद्रामा रकमान्तर गर्न नसकेमा त्यसबाट उत्पन्न हुनसक्ने परिणाम प्रति बैंकको वा नियमनकारी निकायको बन्देजको फलरूप व्यहोर्नु पर्ने लगायतका सम्पूर्ण खर्चहरू समेतका लागि सेवाग्राही स्वयम् जिम्मेवार हुनेछ ।

१९.झिक्न लागिएको रकम तोकिएको परिमाण भन्दा वढी भएको बैंकलाई लागेमा अग्रिम सूचना दिएर मात्र भुक्तानी माग गर्नु पर्नेछ ।

२०.खाता सम्बन्धी हिसाब विवरण (स्टेटमेन्ट अफ एकाउण्ट) बैंकले समयमा निर्धारण गरे बमोजिमको कुनै निश्चित समय अवधिमा तयार गरी बैंकको नियम बमोजिम सेवाग्राहीलाई उपलब्ध गराउने वा मेल मार्फत पठाइने वा उपलब्ध हुने किसिमले बैंकमै राखिनेछ । प्रत्येक खाता सम्बन्धी हिसाब विवरणको नक्कल प्राप्त गर्न बैंकले समयमा आफ्नो शुल्क तालिकामा निर्धारण गरे अनुरूपको शुल्क लाग्नेछ । अन्य कुनै बैंकबाट सेवाग्राहीको खाताका सम्बन्धमा बैंकलाई प्राप्त हुन सक्ने कुनै वा सबै सोधपुछका सम्बन्धमा बैंकले आवश्यक जवाफ दिन सक्नेछ । खाता तथा सोमा रहेको मौज्दातका सम्बन्धमा कुनै अधिकारीबाट जानकारी माग भई त्यस्तो जानकारी उपलब्ध गराउन आवश्यक छ भन्ने कुरामा बैंक विश्वस्त भएमा सो सम्बन्धमा कुनै पनि जानकारी उपलब्ध गराउन सेवाग्राही बैंकलाई अख्तियार प्रदान गर्दछ । सेवाग्राही वाट टेलिफोन मार्फत खातासम्बन्धी कुनै पनि जानकारी माग भई आएमा त्यस्तो जानकारी उपलब्ध नगराइने कुरामा सेवाग्राही मञ्जुर गर्दछ ।

२१.कुनै खाता सम्बन्धी हिसाब विवरणमा कुनै त्रुटि वा कमी कमजोरी रहे/भएमा सम्बन्धित हिसाब विवरण बैंकले चलानी गरेको मितिले ३० दिनभित्र त्यस्तो हिसाब विवरणमा उल्लेख भएका त्रुटिहरूको विषय, कमी कमजोरीका सम्बन्धमा लिखितरूपमा बैंकलाई सूचित गरिएको अवस्थामा बाहेक त्यस्तो विवरणको हिसाब सम्बन्धमा दाबी विरोध गर्ने हक सेवाग्राहीले फिर्ता लिएको मानी त्यस्तो हिसाब विवरणलाई ठीक, दुरुस्त र अन्तिम मानिने छ । आवधिक निक्षेप खाताको हकमा भने त्यस्तो खाता/भए रहेको जानिने निस्सा बाहेक कुनै पनि हिसाव विवरण पठाइने वा उपलब्ध गराइने छैन । बैंकलाई आफ्नो ठेगाना शुद्ध, यथार्थपरक पूर्णरूपमा उपलब्ध गराउने जिम्मेवारी सेवाग्राही स्वयम्को हुनेछ र त्यस्तो ठेगानामा पछि कुनै परिवर्तन हुन गएमा सो सम्वन्धमा तत्काल बैंकलाई जानकारी गराउनु पर्नेछ ।

२२.बैंकलाई पूर्व लिखित सूचना दिई वा नदिई सेवाग्राहीका नाममा रहेको कुनै पनि खाता बन्द गर्न, रोक्का गर्न सकिनेछ, तर आवश्यक परेको अवस्थामा बैंक स्वयम्लाई वा कुनै अदालती वा प्रशासनिक वा अन्य आदेश वा कुनै निर्देशन पालना गर्ने सिलसिलामा सेवाग्राही लाई पूर्व सूचना नदिई सेवाग्राही उपरको वा कुनै कर्तव्य उल्लंघन भए बापत दायित्व ब्यहोर्नु नपर्ने गरी बैंकले त्यस्तो खाता बन्द गर्न, रोक्का राख्न वा खाताबाट हुने कारोबारलाई निलम्बनमा राख्न सक्नेछ ।

२३.सेवाग्राहीलाई कुनै अशक्त रोग लागि अचेत भएमा वा हस्ताक्षर गर्न असमर्थ भएमा वा अस्पतालको कोमामा रहेको सम्बन्धित निकायको प्रमाणित विवरणका आधारमा खाता खोल्दा इच्छाएको व्यक्तिलाई खाताको सबै वा आंशिक रकम भुक्तानी गर्न सेवाग्राही बैंकलाई अख्तियारी प्रदान गर्दछ ।

२४.कुनै पनि खाताका सम्बन्धमा हुने कुनै पनि कारोवारको क्रममा सेवाग्राहीको मृत्यु, अशक्तता वा दामासाही (वा यस्तै खालका अन्य कुनै घटना वा काम कारबाही) सृजित भई सो सम्बन्धमा बैंकले तोके बमोजिमका आवश्यक कागज प्रमाण सहित बैंकलाई लिखित सूचना प्राप्त नभएसम्म त्यस्तो कारोबारबाट हुन सक्ने कुनै पनि हानि, नोक्सानी बापत बैंकले कुनै पनि दायित्व ब्यहोर्नु पर्ने छैन । साथै, कुनै सरकारी कार्यालयको हडताल, औद्योगिक कारबाही, यन्त्र उपकरणको गडबडी वा ऊर्जा आपूर्तिमा अवरोध तथा अन्य बैंकको काबु भन्दा बाहिरको कुनै पनि परिस्थितिका कारण बैंकले कुनै काम कारबाही नगरेको वा गरेको कारण सेवाग्राही उपर पर्नसक्ने कुनै पनि हानि, नोक्सानी वा ढिलासुस्तीका सम्बन्धमा बैंकले कुन पनि दायित्व नव्यहोर्ने कुरामा सेवाग्राही मञ्जुर गर्दछ ।

२५.संयुक्त नाममा खोलिएका खाताहरूको हकमा अन्यथा लिखित सूचना दिएको अवस्थामा बाहेक संयुक्त सेवाग्राहीहरू मध्ये कुनै एक जना सेवाग्राहीले स्वीकार गरेका सबै चेक, ड्राफ्ट, आदेश, बिल तथा निजबाट हस्ताक्षरित वा दरपीठ गरिएका सबै निर्देश**न**/नोट का सम्बन्धमा कुनै सेवाग्राहीले विवादित निवेदन दिएमा बैंकलाई चित्तवुझ्ने गरी त्यस्तो विवाद समाप्त नभएसम्म सम्बन्धित खाता सञ्चालनमा बैंकले तत्काले रोक लगाउन सक्नेछ । त्यस्ता सेवाग्राहीहरू बैंकले निजहरूलाई भुक्तानी गरेको तथा सो सम्बन्धमा बैंकले समय समयमा निर्धारण गरेको दरमा तिर्नु बुझाउनुपर्ने ब्याज तथा मार्कअप बैंकलाई तिर्ने बुझाउने सम्बन्धमा बैंकप्रति व्यक्तिगत रूपमा र/वा संयुक्तरूपमा जिम्मेवार हुनेछन् ।

२६.सेवाग्राहीको मृत्यु भएमा आवश्यकता बमोजिमको प्रक्रिया पूरा गरी प्रमाणपत्र तथा नाता प्रमाणपत्रको सक्कल वा प्रमाणित नक्कल बैंक समक्ष पेश भए पश्चात्मात्र खातामा रहेको रकम भुक्तानीका लागि निकासा हुनेछ । सेवाग्राहीले अन्यथा निर्दिष्ट गरेको अवस्थामा बाहेक संयुक्त खाताको हकमा कुनै एक सेवाग्राहीको मृत्यु भएमा, सेवाग्राही मध्येको जीवित सेवाग्राहीलाई खाताको रकम भुक्तानी प्रक्रिया पूरा गर्न लाग्ने सम्पूर्ण खर्च सोही खाताबाट कट्टा गरी बाँकी रकम हस्तान्तरण गरिनेछ ।

२७.नाबालकको नाममा खोलिएका खाताहरूको हकमा, नाबालक आफ्नो नाबालक अवस्थामै रहिरहेको भए पनि वा बालिग भए पनि बैंकले सम्बन्धित संरक्षक, बाबुआमा संरक्षक भएको अवस्थामा वा सम्वन्धित निकायबाट अन्यथा सूचना प्राप्त नगरेसम्म खाता खोल्ने सम्बन्धी आवेदनमा नाम उल्लेख भएका संरक्षकबाट प्राप्त निर्देशन बमोजिमनै खाता सञ्चालन सुचारु गर्ने अधिकार बैंकलाई हुनेछ ।

२८.आफूले झिकी लिएको नगद काउण्टरमै गणना गर्नुपर्ने र त्यस्तो रकममा कुनै कमी वा नपुग हुन गएको पछि थाहा हुन गएमा सो सम्बन्धमा बैंक जवाफ देही नहुने कुरामा मेरो पूर्ण मञ्जुरी छ । सेवाग्राहिले पेश गरेको चेक भन्दा वढी रकम भुलवस भुक्तानी भएमा वढीहुन जाने रकम सेवाग्राहीले बैंकलाई फिर्ता गर्नु पर्नेछ ।

२९.बैंकले कुनै कारणसमेत नदेखाई कुनै पनि खाता खोल्न इन्कार गर्ने वा खोलिसकेको खाता रोक्का गर्न सक्नेछ । बैंकले खाता खोल्न र वा खोलिसकेको खाता कायम राख्न आवश्यक पर्ने न्यूनतम मौज्दात तोक्न सक्नेछ । तोकिएको न्यूनतम मौज्दात अनिवार्यरूपमा कायम राख्नु पर्ने बारेमा सेवाग्राहीलाई जानकारी छ ।

३०.कुनै कारणवश खाता बन्द /रोक्का / निष्क्रिय भएमा खाता अध्यावधिक गर्न सेवाग्राही (म/हामी) स्वयम् उपस्थित हुन मञ्जुर गर्दछु/गर्दछौं ।

३१.खाता अद्यावधिक गर्न तोकिएको समय भित्र सम्बन्धित शाखामा स्वयम् उपस्थित भई ल्याप्चे सहित सहिछाप गरी खाता अद्यावधिक गर्न मञ्जुर गर्दछु/गर्दछौं । तोकिएको समय भित्र स्वयम् उपस्थित भई ल्याप्चे सहित सहीछाप गरी खाता अद्यावधिक गर्न असमर्थ भई खाता बन्द/निष्क्रिय भएमा मेरो/हाम्रो पूर्णमञ्जुरी छ ।

३२.खाता खोल्दा तथा सञ्चालन गर्दा विभिन्न समयमा बैंकले कागजपत्र, आवश्यक अन्य विवरण तथा जानकारीहरू फोन, इमेल तथा अन्य विद्युतीय माध्यम मार्फत मागेमा उक्त विवरण तथा आवश्यक कागजपत्र बुझाउन मञ्जुर गर्दछु/गर्दछौं ।

**ख. फेसिमाइल (प्रतिलिपि हस्ताक्षर) बाट लिइने बैंकिङ निर्देशन**

१. बैंकलाई सेवाग्राहीले लिखितरूपमा अन्यथा निर्देश नगरेसम्म फेसिमाइल मेशिनका माध्यमबाट सेवाग्राहीले दिने बैंकिङ निर्देशन (यी शर्तहरूका सम्बन्धमा अन्यथा उल्लेख नभएसम्म सेवाग्राहीले माग गरे वा दिए बमोजिमका कुनै पनि निर्देशन समेत) बमोजिम कार्य गर्न बैंकलाई सेवाग्राही अख्तियार प्रदान गर्दछ । बैंकलाई त्यस्तो निर्देशन बमोजिम कार्य गर्नै पर्ने बाध्यता भने हुने छैन ।

२. देहायका कारणहरूले गर्दा तथा सोको सिलसिलामा बैंक उपर सृजना हुने वा ब्यहोर्नु पर्ने वा बैंकले गर्न सक्ने सबै प्रकारका कार्यवाही, मुद्दा मामिला, कार्यविधि, लागत दाबी, माग, शुल्क खर्च नोक्सानी तथा अन्य कुनै पनि प्रकारका दायित्वबाट सेवाग्राहीले बैंकलाई मुक्त गर्नुका साथै सोको हर्जना समेत आफैंले तिरी बुझाई कुनै हानि नोक्सानी हुन दिने छैन ।

 २.१ सेवाग्राहीको लिखित फेसिमाइल निर्देशन गलतरूपमा वा जालसाजीपूर्ण ढंगले फेरबदल गरी, गलत अर्थ लाग्ने किसिमले वा सूचना आदान प्रदानका क्रममा स्पष्ट बुझ्न नसकिने किसिमबाटै जारी भएको भएता पनि सरसर्ती हेर्दा सेवाग्राहीले नै जारी गरेको जस्तो देखिन गई बैंकले त्यस्तो निर्देशन बमोजिम असल नियतमा कुनै काम बाहीकार गरेका कारण ।

 २.२ कथंकदाचित सेवाग्राहीको लिखित फेसिमाइल निर्देशन बैंकलाई पठाउने वा बैंकले प्राप्त गर्ने क्रममा सम्बन्धित मेशिनको खराबी, गल्ती वा गडबडीका कारण जुनरूपमा बैंक समक्ष प्रवाह हुनुपर्नेहो ,सो हुन नसकी वा बैंकलाई प्राप्त हुन नसकी बैंकले त्यस्तो निर्देशन बमोजिम कार्य गर्न नसकेका कारण ।

**ग. एटीएम/डेबिट कार्डका शर्तबन्देजहरू**

१. कृषि विकास बैंक लि.मा व्यक्तिगत / संयुक्त खाताहरू भएका व्यक्तिहरूले निम्नानुसार शर्त/बन्देजहरूमा रही कार्ड सेवा प्राप्त गर्न सक्नेछन् । प्रस्**तु**त शर्त बन्देजहरू यस बैंक तथा कार्ड बाहक ग्राहक बिचको सम्झौता मानिनेछ ।

 १.१ 'बैंक' भन्नाले कृषि विकास बैंक लिमिटेड, 'कार्ड' भन्नाले ग्राहकलाई जारी गरिएका विभिन्न ब्रान्डका अहस्तान्तरणिय डेबिट कार्ड/क्रेडिट कार्ड/प्रिपेड कार्डहरू, 'एटीएम' भन्नाले अटोमेटेड टेलर मेशिन, पस भन्नाले प्वाईन्ट अफ सेल भन्ने बुझ्नु पर्छ । कार्ड वाहक' भन्नाले बैंकबाट जारी गरिएको कार्डको आधिकारिक वाहक, 'पिन' भन्नाले व्यक्तिगत परिचय नम्बर, 'काडवाहक' भन्नाले विद्युतीय भुक्तनीको लागि प्रयोग हुने कार्ड लिने सेवाग्राही भन्न बुझ्नुपर्छ ।

 १.२ कार्डवाहकले आफ्नो खाताको रकम/रकमबाट ए.टी.एम मेशिनबाट रकम झिक्न, पस मेशिनमा कार्ड स्वाप गरि वा अन्य यस्तै प्रकारको विद्युतिय विधि/प्रक्रिया अवलम्वन गरि सामान खरिद गर्न सक्नेछन् ।

 १.३ कार्ड तथा कार्डसँग सम्वन्धित सम्पूर्ण शुल्क, दस्तुर् एवम लागूहुने ब्याज निर्दिष्ट गरिएको खाताबाट डेबिट गरिनेछ ।

 १.४ संयुक्त खाताको हकमा संयुक्त खाताका सम्पूर्णरू सदस्यहरु संयुक्तरूपमा कार्डबाट गरिएका सम्पूर्ण कारोवारहरूका लागि उत्तरदायी हुनेछन् ।

 १.५ कार्डवाहकले आफुबाहेक अरूले कार्ड प्रयोग गर्न नपाउने गरी सम्पूर्ण सावधानी अपनाउनुपर्नेछ । कार्डको पिन र अन्य गोप्य जानकारी अत्यन्त गोपनिय रुपमा राख्नुपर्नेछ । कार्डको अनाधिकृत प्रयोगबाट हुने परिणामको जिम्मेवारी कार्ड वाहक स्वयंको हुनेछ ।

 १.६ कार्ड रद्द गर्ने, बन्द गर्ने, नविकरण गर्ने एकोहोरो अधिकार बैंकमा निहित हुनेछ ।

 १.७ कार्ड हराएमा, चोरी भएमा, पिन कोड बिर्सेमा, गलत पिनको प्रयोगले कार्ड ब्लक भएमा कार्डवाहकले बैंकलाई लिखित रूपमा तुरून्त जानकारी गराएपछि कार्डलाई रोक्ने कार्य गरी नयाँ कार्ड/पिन जारी वा कार्ड अनब्लक गरिनेछ ।

 १.८ कार्डवाहकले निम्न अवस्थामा बैंकलाई तुरून्त सूचना गर्नुपर्दछ ।

 १.९ यदि कारोबारमा कुनै विवाद वा शंका लागेमा कारोबार भएको १२० दिनभित्र बैंकले निर्दिष्ट गरेको फारममा कार्डवाहकको नाम कार्ड नम्बर, कारोबार मिति र रकम सहितको विवरण पेश गर्नुपर्नेछ । यदि तोकिएको समय भित्र बैंकलाई यस्तो जानकारी नगराए कार्डवाहकलाई हुने वित्तीय नोक्सान प्रति बैंक जिम्मेवार हुनेछैन ।

 १.१० रकम फिर्ता पाउने क्रममा विक्रेता अथवा सेवा प्रदायकको ढिला सुस्तीबाट हुन जाने कुनै नोक्सानमा बैंक उत्तरदायी हुनेछैन ।

 १.११ ने.रा.बैंकको निर्देशन भित्र रहि एटीएमबाट रकम झिक्न सक्ने सीमा तोक्ने अधिकार बैंकमा निहित हुनेछ ।

 १.१२ प्रस्तुत बन्देज तथा शर्तहरूमा कार्डवाहकले पालना नगरेको कारणबाट बैंकमा पर्नजाने सम्पूर्ण नोक्सान, क्षति अथवा खर्चको सोधभर्ना कार्डवाहकबाट हुनेछ ।

 १.१३ बैंकले उल्लेखित शर्त तथा बन्देजहरु समय समयमा आंशिक अथवा पूर्णरूपमा संशोधन नयाँ बुँदा थप अथवा परिवर्तन गर्न सक्नेछ । सबैखाले शर्त बन्देजहरू पूर्णरूपमा स्वीकार र परिपालना गर्नुपर्नेछ ।

 १.१४ उल्लेखित शर्त तथा बन्देजहरू कार्डवाहकले कार्ड प्राप्त गर्ने बित्तिकै कार्ड सुविधा उपयोग गर्दासम्म लागूहुनेछ ।

**२.वैधताः**

 २.१ कार्डको वैधता ४ वर्षको हुनेछ, कार्डवाहकको कार्ड नवीकरण गर्ने लिखित अनुरोध नआएमा कार्ड स्वत नविकरण हुनेछ ।

 २.२ बैंकले कार्ड लिन आउन जानकारी गराउनासाथ बैंकमा सम्पर्क गरी कार्ड संकलन गर्नु ग्राहको दायीत्व हुनेछ ।

 २.३ प्रयोगमा नल्याए पनि ४ वर्षको अवधिसम्म सिष्टमबाट कार्ड स्वतः निष्क्रिय हुनेछैन । तर, खाता निष्क्रिय भएमा खाता सक्रिय नभएसम्म कार्डबाट कारोबर नहुन सक्नेछ ।

**घ. इन्टरनेट बैंकिङ/मोबाईल बैंकिङका शर्तबन्देजहरू**

१.यस बैंकले प्रदान गर्ने इण्टरनेट बैंकिङ/मोबाईल बैंकिङ सेवालाई नियमन गर्ने बन्देजहरूका शर्त निम्नबमोजिम व्याख्या गर्दछ । यस्तो सेवा (सुविधाहरू) प्राप्त गर्नका लागि बैंक समक्ष आवेदन गरेको छ र बैंकले उक्त सेवा प्रयोग गर्ने गरी दुवै पक्षको परीक्षणको र योग्यताको निर्धारणगरेको छ । दुवै पक्षहरुले देहायका शर्त बन्देजहरूको अक्षरशः पालना गर्ने गरी उपरोक्त सेवाहरू प्रदान गर्न र उपयोग गर्नका लागि मञ्जुर भएका छौं ।

 १.१ प्रदान गरिने सेवाको क्षेत्र, समय र प्रकार समयसमयमा निर्धारण गर्ने र परिमार्जन गर्ने अधिकार बैंकसमक्ष निहित रहेको छ ।

 १.२ प्रयोगकर्ता बैंकको ग्राहक हुनुपर्नेछ र बैंकको कुनै शाखामा निजको खाता रहेको हुनुपर्नेछ ।

 १.३ सेवाका सम्बन्धमा निजले बैंकलाई उपलब्ध गराएका सबै सूचनाहरू सत्य, पूर्ण, सान्दर्भिक र अद्यावधिक हुनेछन् ।

 १.४ ग्राहकले उपलब्ध गराएको मोबाइल नम्बर र इमेल ठेगानामा बैकले इन्टरनेट बैंकिङ/मोबाईल बैंकिङको लगइन पासवर्ड तथा कारोबारकालागि पटके पासवर्ड ओटिपी पठाउने छ ।

 १.५ नेपाल राष्ट्र बैंकको निर्देशन अन्तर्गत रहि बैंकले इन्टरनेट बैंकिङ/मोबाईल बैंकिङको कारोवारको सीमा तोक्नेछ ।

 १.६ सेवा प्रयोगकर्ताले आफ्नो लगईन पासवर्ड र अरु गोप्य सुचनाहरु अतिगोप्य राख्नु पर्नेछ । सेवालाई बढि सुरक्षित र गोपनिय बनाउन बैंकले ग्राहकलाई दिएका निर्देशन, सुझावहरुको अक्षरशः पालना गर्नु ग्राहकको दायीत्व हुनेछ ।

 १.७ सेवाको सम्बन्धमा ग्राहकले अनलाईनबाट बैंकलाई दिएका निर्देशन बमोजिम भएका कुर्न पनि कारोवार रद्द वा फिर्ता गर्न सकिने छैन ।

 १.८ बैंकले अनलाइनको माध्यमबाटै कुनै निर्देशन प्राप्त भएको कारोबार/वा सम्पन्न गरिएको कुनै सम्पुष्टि वा सूचना उपलब्ध गराउनेछ । यस्तो सम्पुष्टि वा सूचना प्रसारण हुने बित्तिकै ग्राहकले प्राप्त गरेको मानिनेछ र यस्ता सम्पुष्टि वा सूचनाहरू हेर्ने कर्तव्य ग्राहकको हुनेछ ।

 १.९ कुनै पनि कम्प्युटर वा साइबर अपराध (जस्तैः ह्याकिङ, फिसिङ, ट्रोजन वा भाइरस, इत्यादि) का लागि बैंक जवाफदेही हुने छैन र अवैध तथा जालसाजीपूर्ण विधिहरु द्वारा गरिएको कुनै पनि अनाधिकृत कारोबारका लागि समेत बैंक उत्तरदायी हुने छैन ।

 १.१० सेवाको शुरुवात, निरन्तर, नविकरण, समाप्ती गर्ने र यस सम्बन्धि सबै किसिमका शुल्क तोक्ने र संशोधन गर्ने अधिकार बैंकमा निहित रहनेछ । ग्राहकलाई यस्तो जानकारी सार्वजनिक रुपमा गरिनेछ, जसको पालना गर्नु ग्राहकको लागि बाध्यकारी हुनेछ ।

 १.११ ग्राहकले सेवाको कुनै पनि अंश वा सो सँग सम्बन्धित कुनै सफ्टवेयर वा हार्डवयर बिगार्ने, भत्काउने, अनुवाद वा परिवर्तन गर्ने, थप्ने वा घटाउने, स्तरवृद्धि गर्ने, वा अन्य तरिकाले मेटाउने छैन ।

 १.१२ ग्राहकले स्वीकार र महसुश गर्दछ कि सूचना, प्रतिवेदन, तिनको फाराम ढाँचा, सम्पादनको ढाँचा वा विधि, छनोट, बनावट, प्रस्तुति र अभिव्यक्ति यस बैंक र सम्बन्धित सूचकहरूका बौद्धिक सम्पत्ति (प्रतिलिपि, व्यापारिक चिन्ह, पेटेण्ट, प्रारूप, सिर्जना, आविष्कार इत्यादि), व्यापारिक गोप्यता, गोपनीय सम्पत्तिहरू भएकोले बैंकको पूर्व स्वीकृती बिना कुनै पनि गोपनिय सुचना अन्य व्यक्तिलाई बेच्ने, हस्तान्तरण गर्ने, खुलासा गर्ने, प्रदान गर्ने, भाडामा दिने, बाँड्ने, सापटी दिने, वितरण गर्ने, प्रसारण गर्ने, प्रचलनमा ल्याउने, डाउनलोड वा पुनरोत्पादन गर्ने वा अन्य कुनैपनि तरिकाले व्यापारिक सचनाको दोहन गर्ने छैन ।

 १.१३ बैंकले सेवासँग सम्बन्धित सबै प्रणालीहरु पर्याप्त सुरक्षा सावधानीका साथ जडान गरिएको कुरा सुनिश्चित गर्नका लागि औचित्यपूर्णरूपमा व्यावहारिक कदमहरू चाल्नेछ, ताकि ती प्रणालीहरू सञ्चालनमा आउने जोखिमहरू नियन्त्रण र व्यवस्थापन गर्न सकियोस् । बैंक वा कुनै पनि सूचकले यस कुराको प्रत्याभूति गर्न सक्ने छैन कि सेवा र सूचना भाइरस वा अन्य ध्वंसात्मक पदार्थबाट मुक्त रहेको छ । प्रयोग, आयस्ता, मुनाफा वा बचतको नोक्सानी सहित जुनसुकै आनुसांगिक, परोक्ष, विशेष, परिणाम जन्य वा उदाहरणीय क्षतिका लागि बैंक वा कुनै पनि सूचक ग्राहक वा अन्य कुनै व्यक्ति प्रति जिम्मेवार हुने छैन ।

 १.१४ बैंकले जुनसुकै समयमा कुनै सूचना वा कारण नदिईकन ग्राहकले प्रयोग गरिरहेको सबै वा केही सेवाहरु निलम्बन वा खारेज गर्न सक्नेछ ।

**२.वैधता**

 २.१ सेवा सम्झौताको वैधता १ वर्षको हुनेछ । सेवा बन्द गर्नको लागि ग्राहकबाट लिखित निवेदन प्राप्त नभएमा स्वत सेवा नविकरण हुनेछ ।

२.२ देहायको अवस्थामा सेवाहरूको वैधता समाप्त भई बैंकले तत्काल प्रभावबाट प्रयोगकर्तालाई निषेध गर्न सक्नेछ ।
२.३ तोकिएको खाता बन्द गरिएमा,
२.४ प्रयोगकर्ताको निधन बारे बैंकको जानकारीमा आएमा वा जानकारी गराइएमा, तोकिएको खाता प्रयोग गर्ने प्रयोगकर्ताको अधिकार समाप्त भएको भनी बैंकलाई जनाउ दिइएमा,
२.५ बैंकले इन्टरनेट बैंकिङ सुविधा बन्द गर्ने निर्णय गरेमा,
२.६ ग्राहक वा प्रयोगकर्ता ह्याकिङ, फिसिङ वा अन्य साइबर अपराधमा संलग्न भएको भेटिएमा वा सोको शंका लागेमा ।
२.७ बैंकले समयमा निर्णय गरे बमोजिम त्यस्ता सेवाहरू ग्राहकलाई उपलब्ध गराउन प्रयत्न गर्नेछ । बैंकले आफ्नो स्वविवेकमा त्यस्ता सेवाहरू थप घट गर्न सक्नेछ । बैंकले आफ्ना ग्राहकहरूलाई निश्चित मोबाइल नेटवर्क सञ्चालक (हरू) द्वारा सञ्चालित मोबाइल प्रयोग गर्न ग्राहकहरूलाई प्रस्ताव गर्ने अधिकारमा आफूलाई सुरक्षित गरेको छ । तोकिएको मोबाइल फोन नम्बरबाट मात्र ग्राहकको सेवाको पहुँचलाई निश्चित गरिनेछ ।
२.८ मोबाइल फोन नम्बर प्रमाणित गर्ने माध्यमबाट ग्राहकको प्रमाणित गरी पिन प्रदान गरेर वा आफ्नो स्वविवेकमा बैंकले तोकेको प्रमाणीकरणको माध्यमबाट ग्राहकको प्रमाणीकरण भइसके पछि मात्र ग्राहकको निर्देशन लागू गरिनेछ ।

**ङ. बैंकको दायीत्व तथा अधिकार:**

नियामक निकायको अनुरोध तथा निर्देशनमा आफ्ना ग्राहकको माँग अनुसार सशुल्क/निशुल्क इण्टरनेट बैंकिङ/मोबाईल बैंकिङ सेवा उपलब्ध गराउनु बैंकको दायीत्व हुनेछ तर प्राबिधिक कारण, तेश्रो पक्षको कमजोरीको कारण, दैवी तथा प्राकृतिक प्रकोपका कारण वा यस्तै अन्य काबु बाहिरको परिस्थितिका कारण सेवामा अवरोध उत्पन्न भई ग्राहकलाई कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवार बैंक हुने छैन । साथै ग्राहकले निजका सबै खाताहरुमा पहुँचका लागि बैंकलाई अपरिवर्तनिय र नि:शर्त अख्तियारी प्रदान गरेको छ ।

**च. अनलाइनमार्फत खोलिने खाताहरूका लागि शर्त तथा बन्देजहरु :**

१. बैंकको आधिकारिक वेबसाइट वा मोबाइल एप्लिकेशन मार्फत अनलाइन खाता खोल्न ग्राहकले अनुरोध गरेमा विद्युतीय माध्यमबाट पेश गरका कागजातहरु चेक जाँच गरी बैंक सन्तुष्ट भएमा/नभएमा कुनैपनि जानकारी दिई वा नदिई खाता खोल्न स्वीकार/अस्वीकार गर्न सक्ने कुरामा सेवाग्राही पूर्ण मञ्जुरी गर्दछ ।
२. अनलाईन खाता खोल्न बैंकले स्विकृत प्रदान गरी खाता नम्बर उपलब्ध गराएपछि सेवाग्राहीले जुन शाखामा खाता खोलिएको हो उक्त शाखामा खाता खोल्न अनुरोध गर्दा समावेश गरेका सबै सक्कल कागजात लिई एक पटकको लागि स्वयं उपस्थित भई ख्भचषथ गरी सहिछाप गर्नु पर्ने कुरा म /हामी जानकार छौं ।
३. बुदा नं. २ मा उल्लेख गरेका कार्य सम्पन्न नगर्दासम्म ग्राहकले निक्षेप जम्मा गर्न सक्ने तर झिक्न नमिल्ने गरी रोक्का (डेबिट फ्रिज) गर्ने सम्वन्धमा मेरो/हाम्रो पूर्ण मञ्जुरी छ/छौं ।
४. तोकिएको अवधीसम्ममा पनि बुँदा नं. २ मा उल्लेख गरिएको कार्य नगरेमा वा कुनै पनि कारोवार नभएको अवस्थामा वा बैंकले मागेको कागजातहरु उपलब्ध नगराएमा बैंकले जानकारी दिई वा नदिई खाता बन्द गर्न सक्ने अधिकार बैंकले प्रयोग गर्न सक्ने कुरामा म/हामी जानकार छु /छौं ।
५. अनलाईन खाता खोल्नेक्रम वा सञ्चालनको क्रममा बैंकबाट सयम समयमा माग भएका कागजातहरु निर्धारीत समय भित्र बुझाउने कुरामा मेरो/हाम्रो मञ्जुरी रहेको छ ।
६. अनलाईन मार्फत मुद्धती खाता खोल्नको लागि अनुरोध गर्न सक्ने व्यवस्थाको सम्वन्धमा म/हामी पूर्ण जानकार छु/छौं साथै मैले उल्लेख गरेको मोवाईल वा इमेलमा प्राप्त ओटिपी प्रयोग गरि बैंक समक्ष पेश गरेको अनलाइन आवेदन फाराम आधिकारिक निवेदन हुने कुरामा सेवाग्राही पूर्ण मञ्जुर गर्दछ/गर्दछौं ।
७. अनलाइन खाता खोलिएका ग्राहकलाई इन्टरनेट बैंकिंग र मोवाइल बैंकिंग सुविधामा सोधपुछ मात्र सुविधाप्रदान गरी बैंकले अनलाइन खाताको विवरण हेर्ने सहजता उपलब्ध गराउने कुरामा म/हामी जानकार छु/छौं ।

**छ. ओटिपी मार्फत गरिने अन्य कारोबार सम्बन्धमा**

बैंकको विद्यमान अनलाइन प्रणाली मार्फत प्रदान गर्ने सेवा तथा सुविधाहरु भविष्यमा प्रदान गर्न सक्ने अनलाइन सेवा/सुविधा/कारोबारको मैले प्रयोग गर्ने क्रममा उक्त सेवा/सुविधा/कारोबारहरूको आधिकारिकता प्रमाणित गर्नका लागि बैंकले प्रदान गर्ने ओटीपी मैले बैंकमा प्रदान गरेको रजिष्टर्ड मोबाइल नम्बरमा पठाउने र मैले आफूले अनुरोध गरेको कुनै पनि सेवा/सुविधा/कारोबारहरू उक्त ओटिपी बैंकले अनलाइन फारममा प्रविष्ट गरी बैंक समक्ष अनलाइन अनुरोध पेश गरे पश्चात बैंकले मेरो निवेदन आधिकारिक मानी उक्त अनुरोध अनुसारको सेवा/सुविधा/कारोबारहरू कार्यान्वयन गर्न सक्ने कुरामा मेरो पूर्ण मञ्जुरी छ ।

**ज. शर्तबन्देजहरूउपर स्वीकारोक्ति:**

माथि उल्लिखित शर्त तथा बन्देजहरू समय समयमा हेरफेर वा परिवर्तन गर्ने अधिकार बैंकमा सुरक्षित रहने कुरालाई म स्वीकार गर्दछु । त्यसरी हेरफेर वा परिवर्तन भएका शर्तबन्देजहरू, सेवा सम्बन्धि शुल्क तथा दस्तुरहरु सम्बन्धमा बैंकले सार्वजनिक सुचना दिना साथ लागू हुनेछन् । खाता वा यसमा उल्लिखत शर्तबन्देजहरू अनुरूप मैलै बैंक उपर गर्न सक्ने कुनै पनि माग दाबीहरू बैंकका कर्मचारीहरूको जालसाजी वा बदनियतपूर्ण काम कारबाहीमा आधारित भएको अवस्थामा बाहेक मैले गर्न सकेको सबैखाले मागदाबीहरू यसै लिखतबाट बदर गर्ने कुरामा मेरो मञ्जुरी छ । यसमा उल्लिखित शर्तबन्देजहरूका सम्बन्धमा बैंकले गरेको व्याख्या मेरा लागि अन्तिम र मान्य हुनेछ । उपरोक्त बन्देजहरू उपरको शर्त मेरो स्वीकारोक्तिस्वरूप आवेदन फारममा मैले हस्ताक्षर पूर्व उक्त शर्तबन्देजहरू पढी, वाची सोको मतलब तथा परिणाम बुझेको ठीक साँचो हो ।

| औंठाको छाप (Thumb Print) | |
|---|---|
| दाया (Right) | वाया (Left) |
| | |

..........................................

**खातावालाको दस्तखत/Signature**